# एसिया–प्रशान्त क्षेत्रीय दिगो विकास मञ्चको १२ औँ (APFSD) बैठकमा नेपाल




एसिया–प्रशान्त क्षेत्रमा दिगो विकास लक्ष्य (SDGs)को प्रगति अनुगमन र समीक्षा गर्नका लागि सन् २०२५ को फेब्रुअरी २५ देखि २८ थाइल्यान्डको बैंककमा एसिया–प्रशान्त क्षेत्रीय दिगो विकास मञ्चको १२ औँ (APFSD) बैठकमा नेपालका तर्फबाट राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष प्रा.डा. शिवराज अधिकारी नेतृत्वको प्रतिनिधीमण्डल सहभागि भएको छ। संयुक्त राष्ट्रसंघीय एशिया तथा प्रशान्त क्षेत्रीय आर्थिक तथा सामाजिक परिषद् (UN ESCAP) ले वार्षिक रुपमा आयोजना गर्दै आएको उक्त मञ्चमा समावेशी सहभागितामार्फत क्षेत्रीय स्तरमा दिगो विकासको लागि २०३० एजेन्डा र दिगो विकास लक्ष्यहरू (SDGs) मा प्रगतिको अनुगमन र समीक्षा गर्ने अन्तरसरकारी संयन्त्र हो। यस वर्ष दिगो विकास लक्ष्य (एसडीजी) प्राप्त गर्न नवप्रवर्तनशील, समावेशी, वैज्ञानिक र प्रमाण–आधारित उपायहरूको अवलम्बन गरी दिगो विकास लक्ष्य (एसडीजी) को कार्यान्वयनलाई अगाडि बढाउने बिषयमा केन्द्रित रही दिगो विकास लक्ष्य ३, ५, १४, १६ र १७ को प्रगतिका सम्बन्धमा विस्तृत छलफल गरिएको छ।




एसिया–प्रशान्त क्षेत्रीय दिगो विकास मञ्च (APFSD) को १२ औँ वार्षिक बैठकमा नेपालका तर्फबाट बोल्दै राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष प्रा.डा. शिवराज अधिकारीज्यूले दिगो विकास लक्ष्य कार्यान्वयनको

प्रगति, चुनौतीहरू र आगामी रणनीतिहरूबारे जानकारी गराउनुभएको छ। उहाँले नेपालले सन् २०२२ सम्ममा दिगो विकास लक्ष्यमा ४१.७ प्रतिशत प्रगति हासिल गरिसकेको उल्लेख गर्दै गरिबी निवारण, स्वास्थ्य, शिक्षा तथा वातावरणीय स्थायित्वमा सकारात्मक उपलब्धि हासिल गरेको बताउनुभएको हो । यद्यपि, सम्मानजनक रोजगारी, दिगो आर्थिक वृद्धि, उत्तरदायी उत्पादन तथा उपभोगका क्षेत्रमा प्रगति अपेक्षाकृत भन्दा सुस्त रहेको र नेपालले जलवायु परिवर्तन, आपूर्ति शृङ्खला अवरोध, सङ्घीय प्रणालीमा रूपान्तरण लगायतका बहुआयामिक चुनौतीहरूको सामना गरिरहेको जनाउनुभएको थियो । नेपालले अहिले कार्यान्वयनमा रहेको १६औँ योजना मार्फत सुशासन, सामाजिक न्याय, तथा समृद्धिलाई प्रमुख प्राथमिकता दिएको र योजनाले रोजगार प्रवर्द्धन, खाद्य प्रणाली सुधार, स्वास्थ्य तथा शिक्षाको रूपान्तरण, लैङ्गिक समानता, डिजिटल विकास तथा जलवायु कार्यलाई विशेष जोड दिइएको विषय बैठकका राख्नुभएको थियो।